# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(स्वतः प्रकाशन)

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

वैशाख-असार, २०८१

## मण्डनदेउपुर नगरपालिका

महादेवस्थान, काभ्रेपलाञ्चोक

# विषयसूची

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
वागमती प्रदेश, नेपाल
२०७३


१. नगरपालिकाको परिचय, स्वरूप र प्रकृति
२. नगरपालिकाको काम, कर्तव्य र अधिकार
३. नगरपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण
४. नगरपालिकाबाट प्रदान गरिने सेवा
५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
९. सम्पादन गरेको कामको विवरण
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद
११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
१३. तोकिए बमोजिमका अन्य विवरण
१४. अघिल्लो आर्थिक वर्षमा सञ्चालित कार्यक्रमहरू
१५. सार्वजनिक निकायको वेबसाइट
१६. नगरपालिकाले प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण
१७. नगरपालिकाले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन
१८. नगरपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली
१९. नगरपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय
२०. नगरपालिकाका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण


सूचना अधिकारी

## १. नगरपालिकाको परिचय, स्वरूप र प्रकृति

मण्डनदेउपुर नगरपालिका नेपालको बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लामा अवस्थित छ। नेपालको राजधानी काठमाडौंबाट उत्तर-पूर्वमा ५५ कि.मि. दुरीमा रहेको यस नगरपालिकाको क्षेत्रफल ८९ वर्ग कि.मि. रहेको छ। यस नगरपालिका साविक बालुवापाटी देउपुर, गैरीवीसौना देउपुर, नयाँगाउँ देउपुर, महादेवस्थान मण्डन, चण्डेनी मण्डन, जैसीथोक मण्डन र ज्याम्दि मण्डन (१-४, ६) गा.वि.स गरी सात गा.वि.स.हरु मिलेर सम्वत २०७३ साल फागुन २७ गते राजपत्रमा प्रकाशन पछि स्थापना भएको हो। यस नगरपालिकाको पूर्वमा भम्लु गाउँपालीका, पश्चिममा भक्तपुर र काठमाडौं, उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा बनेपा र पाँचखाल नगरपालिका रहेको छ। मध्यम पहाडी हावापानी भएको यस नगरपालिकालाई विभिन्न १२ वटा वडामा विभाजन गरिएको छ। यस नगरपालिकामा ७९२४ परिवारमा कुल ३०३८१ जना बसोबास गर्दछन्, जसमा पुरुष १४८५३ र महिला १५५२८ रहेका छन् । वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको वार्षिक जनसंख्या वृद्धिदर -०.६९, लैङ्गिक अनुपात ९५.६५ र जनघनत्व ३४१ प्रति वर्ग कि.मी. रहेको छ।

यस नगरपालिकामा विशेष गरी हिन्दु, बौद्ध र इशाई धर्मावलम्बीहरुको बसोबास रहेको छ। यहाँ ब्राह्मण, क्षेत्री र तामाङ्ग जातिको बाहुल्यता रहेको छ। यहाँका नागरिकहरुले कृषि, पशुपालन, व्यापार र पर्यटन व्यवसायलाई मुख्य पेशाको रुपमा अँगाल्दै आएका छन्। धुलिखेल, बनेपा र काठमाडौं उपत्यकाबाट नजिक रहेकोले यस नगरपालिकाको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ। यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु तिनै बजार क्षेत्रमा बढी खपत र विक्री हुने गरेको छ। भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस नगरमा मानव बसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन्।

## २. नगरपालिकाको काम, कर्तव्य र अधिकारः

यस नगरपालिकाको काम, कर्तव्य र अधिकार नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएको स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा उल्लेख भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची र सो अनुसार सङ्घीय सरकारद्वारा जारी भएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय सरकार र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी भएका ऐन, नियम तथा अन्य कानूनी प्रबन्धहरू, परिपत्र एवम् यस नगरपालिकाबाट जारी भएका ऐन, नियम, कार्यविधी, निर्देशिका, मापदण्ड तथा मार्गदर्शन बमोजिम व्यवस्था भएका काम, कर्तव्य र अधिकार अनुसार नियमित रुपमा कार्यसम्पादन गर्दै आएको छ।

## ३. निकायमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरणः

यस नगरपालिकामा साविकको स्थानीय निकायमा कार्यरत रहेका, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका, संघीय लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश

बाट सिफारिस भई स्थायी नियुक्ति भएका र प्रचलित कानूनको अधिनमा रही नियुक्त भएका करार तथा ज्यालादारीका कर्मचारीहरु गरी कूल १७९ जना कर्मचारीहरु कार्यरत छन्। यस नगरपालिका अन्तर्गत नगर कार्यपालिकाको कार्यालय-१(एक), वडा कार्यालय- १२(बाह्र), नगर अस्पताल-१(एक) र स्वास्थ्य/आधारभूत/शहरी स्वास्थ्य केन्द्र-१५(पन्ध्र) रहेकाछन् र तत् प्रशासनिक एकाइबाट नियमित रुपमा सेवा प्रवाह गर्दै आएको छ।

### ४. निकायबाट प्रदान गरिने सेवाः

यस नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरभित्रको विकास, निर्माण, नियमन, व्यवस्थापन र सेवा प्रवाह गर्दै आएको छ ।

### ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

यस नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा प्रवाह गर्नका लागि सम्बन्धित कार्यसँग सम्बन्धित शाखा/एकाई/केन्द्र रहेका छन् भने वडाको हकमा वडा कार्यालयहरु रहेकाछन्। शाखा/एकाई/केन्द्रका प्रमुखहरु आ-आफ्नो कार्यप्रति जिम्मेवार रहने व्यवस्था गरिएको छ। नगरपालिकामा तपसिल बमोजिमका शाखाहरु रहेका छन्।

| क्र.सं. | शाखा | कर्मचारीको नाम,थर | पद/तह | सम्पर्क नं. | कै. |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | लक्ष्मी प्रसाद बास्कोटा | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२४३५६० | |
| २ | शिक्षा, युवा तथा खेलकुद | लोकेन्द्र बहादुर बिष्ट | अधिकृतस्तर आठौं | ९८४८४२६६२१ | |
| ३ | सामाजिक विकास शाखा | लोकेन्द्र बहादुर बिष्ट | अधिकृतस्तर आठौं | ९८४८४२६६२१ | |
| ४ | राजश्व तथा आर्थिक प्रशासन | पुष्पराज बजगाई | लेखा अधिकृत (आठौं) | ९८५१११८९६८ | |
| ५ | सामान्य प्रशासन | कासीनाथ नेपाल | अधिकृतस्तर सातौं | ९८५१३२८१५६ | |
| ६ | योजना, अनुगमन तथा तथ्याङ्क | कासीनाथ नेपाल | अधिकृतस्तर सातौं | ९८५१३२८१५६ | |
| ७ | भवन/शहरी पुर्वाधार विकास तथा प्राविधिक | विक्रम थापा | इन्जिनियर (सातौं) | ९८५१२५५१४९ | |
| ८ | पशु सेवा | ध्रुव प्रसाद पराजुली | अधिकृतस्तर छैंठौं | ९८५१२५५२५३ | |
| ९ | स्वास्थ्य | दिपक कुमार घिमिरे | अधिकृतस्तर छैंठौं | ९८५१०३७७९६ | |
| १० | वन, वातावरण, फोहोर मैला तथा विपद् व्यवस्थापन | विक्रम थापा | इन्जिनियर (सातौं) | ९८५१२५५१४९ | |
| ११ | सूचना प्रविधि | उमेश अधिकारी | सूचना प्रविधि अधिकृत | ९८५१११००५६ | |
| १२ | आन्तरिक लेखा परिक्षण | चन्द्रमणी पौडेल | आ.ले.प. सहायक पाँचौं | ९८५१३२७७८७ | |
| १३ | महिला, बालबालिका तथा जेष्ठ नागरिक | जानकी देवी मिश्र | म.वि.नि. | ९८४९३३४२३८ | |
| १४ | न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन | परमात्माराम पराजुली | कानूनी सहजकर्ता | ९८४११०६८६७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | पञ्जिकरण सेवा | कृष्णराज श्रेष्ठ | एम.आइ.एस. अपरेटर | ९८४१००४०९९ | |
| १६ | कृषि विकास | संगिता कुमारी | प्रा.स. (सहायक पाँचौं) | ९८४८४४५००३ | |
| १७ | रोजगार सेवा केन्द्र | इश्वर घोरसाइने | रोजगार सहायक | ९८५१००७७५३ | |
| १८ | सामी परियोजना | सुधा पौडेल | वित्तीय साक्षरता सहजकर्ता | ९८४१८८४७८२ | |
| १९ | लघुउद्यम विकास कार्यक्रम | सरगम श्रेष्ठ | उद्यम विकास सहजकर्ता | ९८४३५६६४२३ | |

## ६. निकायबाट प्रदान गरिने सेवा, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस नगरपालिकाबाट प्रदान गरिने सेवा र सेवा प्राप्त गर्न लाग्ने दस्तुर सम्बन्धि विस्तृत विवरण मण्डनदेउपुर नगरपालिकाको वडापत्र तथा यस नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम रहेको छ। नागरिक वडापत्र तथा आर्थिक ऐन, २०८० मण्डनदेउपुर नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा समेत राखिएको छ। सेवा प्राप्त गर्ने अवधिको हकमा प्रचलित कानूनमा अन्यथा लेखिएकोमा बाहेक सामान्यतयाः निवेदन पेश भएको दिनमा नै सेवा प्रवाह गर्ने गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनको अधिनमा रही अधिकार प्रत्यायोजन भएको सीमासम्मको निर्णय सम्बन्धित शाखा प्रमुखबाट हुने र अन्य प्रशासनिक तथा नीतिगत निर्णयहरु प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका तथा नगर सभाबाट हुने गरेको छ। विकास निर्माणको हकमा सम्बन्धित विषयगत समितिले नीतिगत निर्णय गर्ने गरेको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस नगरपालिकाबाट प्रदान गरिएको सेवामा चित्त नबुझेमा वा समयमा सेवा प्राप्त नभएमा नगरकारर्यपालिकाले तोकेको गुनासो सुन्ने अधिकारी वा/तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष गुनासो राख्न सकिने व्यवस्था रहेको छ। यसका साथै कार्यालयको परिसरमा गुनासो पेटिका, उजुरी पेटिकाहरु समेतको व्यवस्था गरिएको छ।

कार्यालय प्रमुखको नाम/पदः श्री लक्ष्मी प्रसाद बास्कोटा, प्रमुख प्रशासकीय अधिकृत

गुनासो सुन्ने अधिकारीको नाम/पदः श्री लोकेन्द्र बहादुर बिष्ट, अधिकृतस्तर सातौं

## ९. सम्पादन गरेको कामको विवरणः

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, प्रदेश सरकार तथा नगरपालिकाबाट जारी भएका ऐन, नियम, निर्देशिका, कार्यविधि बमोजिमका काम कारवाहीहरु तथा नगरपालिकाको आवधिक तथा वार्षिक स्विकृत नीति, योजना तथा कार्यक्रम अनुसारका कार्यक्रम/गतिविधिहरु नियमित रूपमा

सम्पादन हुदै आइरहेको छ। सम्पादन गरेका कामको विवरण चौमासिक रुपमा नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा राख्ने व्यवस्था मिलाइएको छ ।

**१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः**

कार्यालय प्रमुखको नाम/पदः श्री लक्ष्मी प्रसाद बास्कोटा, प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारीको नाम/पदः श्री कासीनाथ नेपाल, अधिकृतस्तर सातौं

इमेलः suchanaadhikari@mandandeupurmun.gov.np

सम्पर्क नं. ०११-४१२११३, ०११-४१२११४ (कार्यालय), ९८५१२४३५६० (कार्यालय प्रमुख) र ९८५१३५९६१२ (सूचना अधिकारी)

**११. ऐन, नियम र निर्देशिकाको सूचीः**

सङ्घीय सरकार र बागमती प्रदेश सरकारबाट स्थानीय तहसँग सम्बन्धित हुने गरी जारी गरेका कानूनका अतिरिक्त यस नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेर जारी गरेका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी मण्डनदेउपुर नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा समेत राख्ने गरिएको छ ।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

चालु आ.व. २०८०/०८१ को वैशाख महिनाको १ गते देखि असार मसान्तसम्ममा भएको आय तथा खर्चको विवरण नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा राखिएको छ।

**१३. तोकिए बमोजिमका अन्य विवरणः**

नियमानुसार तोकिए बमोजिमको विवरण आवश्यकताका आधारमा यस नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा राखिएको छ। नगरपालिकाबाट जारी हुने सबै सार्वजनिक सूचनाहरु वेबसाइट https://mandandeupurmun.gov.np/ मा समेत राख्ने गरिएको छ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**

प्रत्येक आर्थिक वर्षका लागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। नगरपालिकाले प्रत्येक वर्ष सञ्चालन गर्ने सबै प्रकारका विकास निर्माण सम्बन्धी कार्यक्रमहरु "वार्षिक बजेट तथा कार्यक्रम" प्रकाशन गर्नुका साथै यस नगरपालिकाको वेबसाइट https://mandandeupurmun.gov.np/ मा राखिएको छ ।

सूचना अधिकारी

**१५. सार्वजनिक वेबसाइट भए सोको विवरण**

मण्डनदेउपुर नगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवम् अन्य सूचना तथा जानकारीको लागि मण्डनदेउपुर नगरपालिकाको आधिकारीक वेबसाइट https://mandandeupurmun.gov.np/ रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोगः**

यस नगरपालिकाले हाल कुनै प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग प्राप्त गरेको छैन।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः**

प्रत्येक आर्थिक वर्षकालागि नगर सभाबाट स्वीकृत भएको बजेट, नीति तथा कार्यक्रम बमोजिम र नगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको र सोको प्रगति विवरण नगरपालिकाको अधिकारीक वेबसाइट https://mandandeupurmun.gov.np/ मा राखिएको छ ।

**१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

यस नगरपालिकाले सूचना, विवरण, तथ्याङ्क एवम् आवश्यक दस्तावेजहरुको वर्गिकरण गरेको छैन तर त्यस्ता सूचनाहरु प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ। प्रचलित कानूनले गोप्य राख्नु पर्ने भनि तोकिदिएका विषय बाहेक सबै विषयहरु सूचना दिन योग्य रहने छन् ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषयः**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गतको हेलो सरकार मार्फत यस नगरपालिकासँग सम्बन्धित रहेको भनि प्रेषित गुनासोहरुको समयमा नै फछ्र्यौट गर्ने गरिएको र सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट निवेदन दिई माग गरिएका सूचनाहरु समयमा नै उपलब्ध गराउने गरिएको छ । प्रतिवेदन अवधिमा देहायका व्यक्ति/संस्थाले सूचना माग गर्नु भएकोमा सूचना तयार गरी उपलब्ध गराइएको छ।

| क्र.सं. | निवेदकको नामथर, ठेगाना | सूचना माग क्षेत्र | सूचना उपलब्ध गराएको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | शारदा भुसाल, चन्द्रागिरी-१३, काठमाण्डौं | नीति तथा कार्यक्रमसँग सम्बन्धित सूचना | माग बमोजिमको विवरण उपलब्ध गराइएको | |
| २ | केशवराज पौडेल, मडनदेउपुर-०८, काभ्रेपलाञ्चोक | प्रशासकीय भवन उद्‌घाटनसँग सम्बन्धित सार्वजनिक खर्चको विवरण | माग बमोजिमको विवरण उपलब्ध गराइएको | |
| ३ | सागर नेपाल, मडनदेउपुर-०८, काभ्रेपलाञ्चोक | फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित सूचना | माग बमोजिमको विवरण तयार भई उपलब्ध गराउन बाँकी | |

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरणः नगरपालिकाको आ.व. २०८०/८१ मा प्रकाशन हुने महत्वपूर्ण सूचनाहरु चालु आ.व.को लागि सूचना प्रकाशनको ठेक्का पाएको आर.आर. एड मिडिया मार्फत प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै यस नगरपालिकाको वेबसाइटः https://mandandeupurmun.gov.np/, Twitter Account: https://twitter.com/@mandandeupur र Facebook Page: https://www.facebook.com/Mandandeupur/ तथा https://www.facebook.com/Mandandeupur Municipality/ मार्फत प्रकाशन गर्ने गरिएको छ ।

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

सूचना अधिकारी